बडीमालिका नगरपालिका

स्थानीय राजपत्र

खण्ड:८ संख्याः २ मिति २०८१ भदौ ४ गते मंगलबार

भाग:२

# व्याक हो लोडर सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८०१

स्थानीय सरकार सञ्चानल ऐन २०७४ बमोजिम सार्वजनिक जानकारीको लागि देहायबमोजिम प्रकाशन गरिएको छ।

आज्ञाले,
बम बहादुर के.सी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

## ब्याक हो लोडर सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८०१

बडीमालिका नगरपालिका क्षेत्रको समग्र भौतिक पूर्वाधार विकास गर्नका लागी यस नगरपालिकाको स्वामित्वमा रहेको ब्याक-हो लोडर देहायका शर्त एवं बन्देजमा रही संचालन तथा व्यवस्थापन गर्न बाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) वमोजिम बडीमालिका नगरकार्यपालिकाले "ब्याक-हो लोडर संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१" स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ।

**(१) संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम " लोडर संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१" रहेको छ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**(२) परिभाषाः बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा;**

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्झनु पर्दछ।

(ख) "नगरपालिका" भन्नाले बडीमालिका नगरपालिका सम्झनु पर्दछ।

(ग) "नगरसभा" भन्नाले बडीमालिका नगरपालिकाको नगरसभालाई सम्झनु पर्दछ।

(घ) "नगरकार्यपालिका" भन्नाले बडीमालिका नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

(ङ) "प्रमुख" भन्नाले बडीमालिका नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ।

(च) "उपप्रमुख' भन्नाले बडीमालिका नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्दछ।

(छ) "कार्यालय" भन्नाले बडीमालिका नगरपालिकाको कार्यालय वाजुरालाई सम्झनु पर्दछ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बडीमालिका नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

(झ) "लोडर" भन्नाले नगर कार्यपालिकाको स्वामीत्वमा रहेको ब्याक-हो लोडरलाई सम्झनु पर्दछ।

(ञ) "शाखा प्रमुख" भन्नाले बडीमालिका नगरपालिकाको पूर्वाधार क्षेत्र हेर्ने प्राविधिक शाखाको प्रमुखलाई सम्झनु पर्दछ।

(ट) "संयोजक" भन्नाले नगरपालिकाको पूर्वाधार विकास समितिको संयोजकलाई सम्झनु पर्दछ।

(ठ) "जिन्सी उपशाखा" भन्नाले नगरपालिकाको जिन्सी उपशाखालाई सम्झनु पर्दछ।

**३. उद्देश्यः**

बडीमालिका नगरपालिकाको कार्यालयवाट संचालन गरिने भौतिक विकासका योजनाहरु, स्थानीय नगरवासी, संघ/संस्था, नेपाल सरकारद्वारा संचालित विकास आयोजनाहरु, दातृ निकायवाट संचालन गरिने विकास आयोजनाहरु तथा छिमेकी नगर तथा गाँउपालिकाहरुको विकास कार्यक्रममा माग भई आए अनुसार प्राथमीकताका आधारमा कार्य संचालनमा पठाउनका लागी आवश्यक प्रक्रिया पुरा गर्नु यो कार्यविधिको प्रमुख उद्देश्य रहनेछ।

**४. संचालन विधिः**

बडीमालिका नगरपालिका नगरकार्यपालिकाको कार्यालयमा रहेको ब्याक हो लोडर संचालनका लागी देहायको प्रक्रिया पुरा भए पश्चात मात्र फिल्डमा खटाईनेछ:

(क) ब्याक- हो लोडर माग गर्न व्यक्ति वा संस्थाले नगरपालिकाको कार्यालयले स्विकृत गरेको फारमको ढाँचामा निवेदन सहित पेश गर्नुपर्नेछ।

नगर प्रमुख

(ख) ब्याक-हो लोडर माग गर्ने व्यक्ति वा संस्थाको माग निवेदन प्रमुख प्रशासकिय अधिकृतको आदेश भएपश्चात के कति समयका लागी माग गरिएको हो, माग गरिएको समय वरावरको नगर कार्यपालकाको कार्यालयले तोके अनुसारको शुल्क अग्रिम नगर कार्यपालिकाको कार्यालयमा नगदै वा तोकीएको बैंकमा रकम जम्मा गरेको सक्कलै भौचर पेश गर्नुपर्नेछ।

(ग) ब्याक-हो लोडर माग गर्ने व्यक्ति वा संस्थाले नगर कार्यपालिकाको कार्यालयले तोकेको शुल्क वुझाएपश्चात नगरपालिकाको विकास निर्माणको कामलाई बाधा नपर्ने गरी पहिले दर्ता भएको निवेदनलाई पहिलो प्राथमीकता दिई उपलब्ध गराउने छ। यसका अतिरिक्त कामको प्रकृतिलाई समेत मध्यनजर गरी प्राथमीकताका साथ खटाउने व्यवस्था मिलाईनेछ। यसरी लोडर उपलब्ध गराउदा दुवै पक्षविच अनुसूचि २ बमोजिमको ढाँचामा सम्झौता गरि उपलब्ध गराइने छ।

(घ) नगरपालिकावाट स्विकृत आयोजनाहरुका हकमा उपभोक्ता समिति तथा ठेक्का मार्फत संचालन गर्दा मेशीनको माग भई आएमा लोडर प्रयोग गरेवापत प्रयोगकर्ताको योजनाहरुवाट योजनाको किस्ता वापतको रकम भूक्तानी गर्दा नियमानुसार लाग्ने शुल्क कार्यालयवाट कट्टी गरी भूक्तानी दिईनेछ।

(ङ) ब्याक- हो लोडर अपरेटरलाई नगर कार्यपालिकाको कार्यालयको स्वीकृत, लिखित आदेश विना कुनै स्थान विशेषमा मेशिन लिएर काम गर्ने गराउने अधिकार रहने छैन।

(च) निवेदकले माग गरिएको समय भन्दा वढी समयसम्म काम काज गर्नु गराउनु पर्ने भएमा मेशिन अपरेटरले तत्काल कार्यालय प्रमुखलाई खवर गरि थप लिखित कार्यादेश लिएर थप समयको रकम अग्रिम नगरपालिकामा जम्मा गर्न लगाएर मात्र मेशीन संचालन गर्नु पर्नेछ।

(छ) मेशीन प्रयोग गरेवापत प्रतिघण्टा वा दिनको शुल्क निर्धारण गरि तोकिए वमोजिम हुनेछ।

(ज) मेशिन फिल्डमा खटाउदा कार्यालय कम्पाउण्डदेखी काम सम्पन्न गरी पुन: कार्यालय फिर्ता भएसम्मको मिटरको हिसाव गणना गरी लाग्ने शुल्क मेशीन प्रयोगकर्ताले बुझाउनुपर्नेछ।

(झ) मेशीन खटी गएको स्थानमा काम सम्पन्न गरी कार्यालय फिर्ता भएपश्चात मेशीन अपरेटरले कामको विवरण सहित मिटरको अध्यावधिक अभिलेख कार्यालय समक्ष पेश गर्नुपर्नेछ।

(ञ) अभिलेख अध्यावधिकका लागी कार्यालयवाट आवश्यक फारमहरुको व्यवस्था गरिनेछ।

(ट) नगरपालिकाको कार्यालयवाट सोझै गरिने कामको समेत विवरण अध्यावधिक गरि लगत खडा गर्नुपर्नेछ।

(ठ) ब्याक-हो लोडर माग गर्ने व्यक्ति वा संघ/संस्थाले ब्याक-हो लोडर शुल्क बुझाउदा बडीमालिका नगरपालिका कार्यालय वाजुराको आन्तरिक राजस्व हिशाब खातामा जम्मा गरी सक्कलै भौचर पेश गर्नुपर्नेछ वा कार्यालयको राजश्व शाखामा नगद जम्मा गर्न सकिनेछ।

(ड) ब्याक-हो लोडर काममा खटिई तोकिएको समयभन्दा अगावै काम सम्पन्न भई प्रयोग कर्ताको धरौटी रकम संचित रहेको खण्डमा अपरेटर तथा तोकिएको प्राविधिक कर्मचारीको सिफारिसका आधारमा मात्र प्रमुख प्रशासकीय अधिकृतको आदेशका आधारमा संचित समय वापत हुन आउने रकम माग गरेको एक हप्ताभित्र फिर्ता गरिनेछ।

(ढ) लोडरको सुरक्षाको जिम्मेवारी लोडर भाडामा लिनेको हुनेछ।

(ण) लोडर सञ्चालन गर्दा सो को लगबुक राख्ने जिम्मेवारी अपरेटरको हुनेछ। कामको प्रकृति अनुसार फिल्ड परिक्षण गरि पूर्वाधार विकास शाखा प्रमुख वा तोकीएको प्राविधिकले लगबुक सीफारीस गरि प्रमाणित गर्न प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ।

(त) लोडर प्रयोग गर्नुभन्दा पहिले कार्यालय र भाडामा लिने बिच सम्झौता गर्नुपर्नेछ।

(थ) कार्यालयले आफैले लोडर प्रयोग गरी काम गर्नुपर्दा काम गर्नुभन्दा पहिले प्राविधिक पठाइ प्राविधिकले फिल्डको अवस्था यकीन गरी लोडर प्रयोग गरि काम गर्न आवश्यक रहेको भनि प्रतिवेदन पेश गर्नुपर्ने छ। यसरी प्रतिवेन तयार गर्दा अनुमानित लागत अनुमान समेत तयार गरि पेश गर्नु पर्नेछ। यसरी कार्य गराउदा इन्धन खर्च वापत भएको विल लगबुक र प्राविधिक मुल्याँकन प्रतिवेदनको आधारमा हुनेछ। प्राविधिक मुल्याँकनमा लोडर प्रयोग भएको समय अनिवार्य खुल्नुपर्ने छ।

**५. ईन्धन तथा मर्मत सम्वन्धि व्यवस्था:**

(क) मेशिन अपरेटरले इन्धन तथा लुब्रिकेन्टस माग गर्दा कार्यालयले निर्धारण गरेको फारम स्विकृत गराएर मात्र भर्नुपर्नेछ। इन्धन तथा लुब्रिकेन्टस खपतको अध्यावधिक लगत मेशीन अपरेटरले तयार गरि ईन्जिनियरको सिफारिस सहित कार्यालय प्रमुख समक्ष पेश गर्नुपर्नेछ।

CamScanner

(ख) इन्धन तथा लुब्रिकेन्टस र मर्मतसम्वन्धि सम्पूर्ण कार्यको विस्तृत ... गर कार्यपालिकाको कार्यालय जिन्सी उप शाखामा अध्यावधिक गरि राखिनेछ।

(ग) मेशिन बिग्रिएको लिखित जानकारी मेशीन अपरेटरले आफूलाई जानकारीमा आएको समयमै तत्काल कार्यालयलाई गराउनुपर्नेछ। कार्यालयवाट वर्कसपमा चेकजाँच गराई मर्मत गर्नुपर्ने कार्यको विस्तृत विवरण माग गरी स्वीकृत भएपश्चात मात्र मर्मत संभार कार्य गरिनेछ। एक पटकमा ३० हजार भन्दा बढीको मर्मत गर्नु पर्ने भएमा अपरेटरले पेश गरेको निवेदन तथा मर्मत सम्भार केन्द्रबाट तयार भएको लागत अनुमान सहितको प्रतिवेदन संचालन तथा व्यवस्थापन समितिमा पूर्वाधार विकास शाखा प्रमुखले वा निजले तोकेको कर्मचारीले पेश गर्नु पर्ने छ । संचालन तथा व्यवस्थापन समितिले मर्मत गर्ने निर्णय गरेमा मर्मत सम्भार कार्य गरिनेछ ।

(घ) मर्मत संभारका कार्य गराउदाको अवधिमा तोकीएको प्राविधिक वा इन्जिनियर वा जिन्सी उपशाखाका प्रतिनिधि वर्कसपमा रहनुपर्नेछ।

**६. ब्याक-हो लोडर संचालन शुल्क सम्वन्धि व्यवस्था:**

कुनै व्यक्ति, उपभोक्ता समूह, संघसंस्था वा प्राईभेट फार्म संचालन कर्ताबाट ब्याक-हो लोडर माग भई आएमा निम्न वमोजिमको शुल्क नगदै वा तोकिएको बैक खाता मार्फत अग्रिम वुझाउनुपर्नेछ:

(क) बडीमालिका नगरपालिका क्षेत्र भित्र सँचालित योजना उपभोक्ता समिति वा व्यक्ति वा फर्म वा ठेकेदारबाट संचालन हुने भए प्रतिघण्टा रु १८००। र नगरपालिका भन्दा बाहिर सँचालन हुने योजना वा अन्य कामको लागि प्रतिघण्टा रु २२०० ।

(ख) लोडर प्रयोग गर्ने व्यक्ति फर्म उपभोक्ता समिति वा ठेकेदारले अपरेटर भत्ता प्रतिघण्टा रु २०० । र सहायक भत्ता प्रतिघण्टा रु १२५ । उपलब्ध गराउनु पर्नेछ । यसरी काम गराउदा ठेकेदार फर्म उपभोक्त समिति वा व्यक्तिले अपरेटर र सहायकको भत्ता उपल्बध नगराएमा निजबाट कार्यालयले समेत असुल उपर गर्नेछ ।

(ग) माथि (क) उल्खीत वुँदाहरुभित्र ईन्धन वापत लाग्ने खर्चहरु प्रयोगकर्ता स्वयम्ले ब्यहोर्नु पर्नेछ।

**७. कर्मचारी सम्वन्धि व्यवस्था:**

(क) लोडर संचालनका लागी आवश्यक पर्ने अपरेटर १ जना र सहयोगि १ जना आपसी सम्झौता बमोजिम तलब भत्ता हुनेगरि प्रचलति कानून वमोजिम सेवा करारमा नियुक्त गरिनेछ।

(ख) उम्मेदवारि शुल्कः लोडर अपरेटरको लागि रु ५०० । सहयोगिको लागि रु ४०० ।

(ग) योग्यताः अपरेटरको लागि १८ वर्ष पुरा भइ ३५ वर्ष ननाघेको र ब्याक हो लोडर अपरेटर चालक अनुमति पत्र प्राप्त गरेको र सहयोगिको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको ।

(घ) नियुक्ति प्रकृयाः ब्याक हो लोडर अपरेटर र सहयोगि नियुक्तिको लागि १५ दिनको सूचना वेवसाइटमार्फत सार्वजनिक गरिनेछ ।

(ङ)न्युनतम योग्यता पुगेको कागजात पेश गर्ने उम्मेदवारहरुलाई दोस्रो चरणको परिक्षामा सामेल गरिनेछ । ब्याक हो लोडरको हकमा प्रयोगात्मक परीक्षा र अन्तरवार्ता परीक्षामा प्राप्त गरेको कुल प्राप्ताङ्कको आधारमा उम्मेदवार सिफारिस गरिनेछ ।

(च)परिक्षाको किसिमः ब्याक हो लोडर अपरेटरको लागि प्रयोगात्मक परिक्षा र अन्तरवार्ता परिक्षा लिइनेछ भने सहयोगिको हकमा अन्तरवार्ता परीक्षा मात्र संचालन गरिनेछ ।

(छ ) उम्मेदवार छनौट गर्न देहायबमोजिमको समिति रहनेछ ।

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| विषय विज्ञ | सदस्य |

अनुसूची १

ब्याक-हो लोडर माग दरखास्त फारम

(दफा ४ क संग सम्बन्धित)

मिति:

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू।
बडीमालिका नगरपालिका
बाजुरा।

**बिषय: ब्याक-हो लोडर उपलब्ध गरी पाँउ।**

**महोदय,**

यस बडीमालिका नगरपालिका नगर कार्यपालिकाको कार्यालयको ब्याक-हो लोडर आवश्यक परेकोले निम्न बमोजिमको विवरण भरी माग गरेको छु/छौं। नियमानुसार लाग्ने शुल्क लिई ब्याक-हो लोडर उपलब्ध गराई पाँउ।

(क) माग गर्नेको तर्फबाट भर्ने :

| माग गर्ने व्यक्ति/संस्था/ उपभोक्ता समिति/ फर्म/ कम्पनी | कामको विवरण (छोटकरीमा) | प्रयोगहुने स्थान/ ठेगाना | मेशिन प्रयोग हुने अनुमानीत समय | कैफियत |
|---|---|---|---|---|
| | | | | |

माग गर्नेको:

.........................................
दस्तखत
नाम:
पद:
ठेगाना:

**(ख) कार्यालयको तर्फबाट (प्राविधिक तथा योजना शाखाले भर्ने)**

| नगरपालिकाबाट खटिने स्थानसम्म लाग्ने अनुमानित समय | माग गरिएको समय र दिन | काममा लाग्ने अनुमानित समय | अनुमानित समय अनुसार शुल्क | जम्मा गर्ने शुल्क |
|---|---|---|---|---|
| | | | | |

........................... ...............

CamScanner

पूर्वाधार विकास शाखा प्रमुख सदस्य सचिव

समितिले परिक्षा संचालनको क्रममा सहयोगिको रुपमा अन्य कर्मचारीलाई आमन्त्रण गर्न सक्नेछ।

(ज )पाठ्यक्रम/मापदण्डः उम्मेदवार छनौट समिति स्वयम आफैले निर्धारण गरेबमोजिम हुनेछ।

(झ ) मुल्यांकनको अंकभारः व्याक हो लोडर अपरेटरको लागि कुल मुल्यांकन अंकभार ७५ पूर्णांकको हुनेछ। प्रयोगात्मक परीक्षाको अंकभार ५० र अन्तरवार्ता परिक्षा अंकभार १५ र उम्मेदवारको स्थानीयता वापत १० अंक हुनेछ। साथै व्याक हो लोडर सहयोगिको लागि १५ अंकको अन्तरवार्ता परिक्षा मात्र संचालन हुनेछ।

(ञ)अपरेटर तथा अपरेटर सहयोगीले कार्यालयले दिएको कार्य विवरण र निर्देशन विपरित काम गरी कार्यालयलाई हानी नोक्सानी हुन गएमा तत्काल एकतर्फि करार भंग गरी क्षतिपूर्ति असुल उपर गरिनेछ।

(ट) समितिको पदाधिकारीको सुविधा प्रतिवैठक रु १०००। हुनेछ। उम्मेदवार छनौट समितिको छनौट प्रयोजनको लागि अधिकतम ५ बैठक सम्मको मात्र बैठक भत्ता भुक्तानी गरेनेछ।

**८. व्याक-हो लोडर संचालन तथा व्यवस्थापन समिति सम्वन्धि व्यवस्थाः**

व्याक-हो लोडर संचालन तथा व्यवस्थापनका लागी तपसिल वमोजिमको समिति रहनेछ।

(क) नगर प्रमुख – संयोजक
(ख) नगर उप प्रमुख सदस्य
(ग) प्रमुख प्रशासकीय अधिकृत सदस्य
(घ) पूर्वाधार विकास समिति संयोजक – सदस्य
(ङ) आर्थिक प्रशासन शाखा प्रमुख – सदस्य
(च) योजना शाखा प्रमुख सदस्य
(छ) राजस्व शाखा प्रमुख - सदस्य
(ज) प्राविधिक शाखा प्रमुख ईन्जिनियर – सदस्य
(झ) जिन्सी उपशाखा प्रमुख - सदस्य सचिव

अभिलेखः लोडरमा प्रयोग भएको इन्धन तथा मर्मत सम्भारको अभिलेख जिन्सि उपशाखाले राख्नुपर्नेछ।

**९. विविधः**

(क) मेशिनको माईलमिटर लगायतका आधारभूत कार्य अध्यावधिक राख्ने दायित्व मेशिन अपरेटरको हुनेछ।
(ख) मेशिन कार्यालय प्रमुखको पूर्ण नियन्त्रणमा रहनेछ। नगरपालिकाको ईन्जिनियर र भण्डार प्रमुखले समेत मेशिनको हिफाजत गर्ने कार्यमा पूर्ण ध्यान दिनुपर्नेछ।
(ग) मेशिन फिल्ड खटाउने/नखटाउने सिफारिस योजना तथा ईन्जिनियरको हुनेछ।
(घ) यस कार्यविधिलाई आवश्यक संशोधन वा थपघट गर्नुपर्ने भएमा कार्यालयले थपघट वा संशोधन गरी स्वीकृतिका लागी कार्यपालिका बैठक समक्ष पेश गर्ने।

नगर प्रमुख

अनुसूचि ३

(दफा ४.३ सँग सम्बन्धित)

## व्याकहोलडर संचालन सम्झौता पत्र

बडीमालिका नगरपालिकाको कार्यालय (यसपछि पहिलो पक्ष भनिएको) र योजना काम गर्ने उपभोक्ता समिति/ फर्म/ व्यक्ती( यसपछि दोस्रो पक्ष भनिएको ) का विच यस कार्यालयको व्याक हो लोडर देहायको शर्त तथा बन्देजको अधिनमा रहि भाडामा संचालन गर्न गराउन यो सम्झौता गरिएको छ।

१ आयोजनाको नामः

२ आयोजना स्थलः

३ आयोजना संचालन हुने स्थानः

४आयोजनाको कुल लागतः

५ लागत व्यहोर्ने श्रोत तथा रकमः

६व्याक हो लोडर संचालन गर्ने कार्यदिनः

७ व्याक हो लोडर संचालन गर्ने कार्य अवधिः मितिः .................... देखि मितिः ................................ सम्म

८ व्याक हो लोडर संचालनका लागि प्राप्त धरौटी रकम रुः

९ सम्झौताका शर्तहरुः

1. दोस्रो पक्षले यस सम्झौतामा तोकीएको आयोजनामा मात्र तोकिएको कार्य दिनको लागि व्याक हो लोडर उपयोग गर्नु पर्नेछ।
2. व्याक हो लोडर र यसमा संलग्न अपरेटर र हेल्परको सुरक्षाको प्रवन्ध दोस्रो पक्षले गर्नुपर्ने छ।
3. व्याक हो लोडर संचालन अवधिमा लाग्ने डिजेल, मोविल, ग्रीज आदि इन्धन खर्च आयोजना स्थलमा ल्याउन र लैजाने समेत को व्यवस्था दोस्रो पक्षले गर्नुपर्ने छ।
4. नगरपालिकाको कार्यालय वा लोडर रहेको स्थानबाट योजना स्थलमा ढुवानी गरि लग्नुपर्ने अवस्था भएमा सो को लागि आवश्यक बन्दोवस्त दोस्रो पक्ष स्वयमले गर्नुपर्ने छ ।
5. व्याक हो लोडर अपरेटरले संचालन गर्दा भरेको लगबुक दोस्रो पक्षले समेत प्रमाणीत गर्नुपर्नेछ ।
6. लोडर संचालन वा उपयोग सम्बन्धि कार्यको अनुगमन कार्यालयबाट जुनसुकै बखत हुन सक्नेछ।
7. लोडर संचालनमा दुरुपयोग भएमा वा कुनै विवाद सिर्जना भई संचालन गर्न सक्ने स्थिति नरहेमा वा लोडर संचालनमा संलग्न कर्मचारीको सुरक्षा बारे समस्या देखिएमा लोडर फिर्ता बोलाउन सक्नेछ।
8. यस्तो अवस्थामा दोस्रो पक्षले लोडर फिर्ता गराउनुपर्नेछ।
9. पहिलो र दोस्रो पक्षविच विवाद भएमा पहिलो पक्षले जुनसुकै बखत लोडर फिर्ता बोलाउन सक्नेछ।
10. यान्त्रिका कारण वा भवितव्य परि काबु बाहिरको परिस्थितिमा लोडर नचलेमा अपरेटर तथा सम्बन्धित दोस्रो पक्षले प्रमाणित गरि कार्यालयमा जानकारी गराई प्रमाणित गरि राख्नुपर्ने छ।
11. दोस्रो पक्षले लोडर भाडामा लगेको समयमा उनीहरुविचको आपसी विवाद भइ वा स्थानीयको अवरोधका कारण वा अन्य कुनैपनि कारण लोडर संचालन हुन नसकेमा संचालन नभएको दिन प्रतिदिन रु ५०००। का दरले जरिवाना यस कार्यालयलाई बुझाउनुपर्ने छ।

प्राविधिक शाखा प्रमुख

बडीमालिका नगरपालिका नगर कार्यपालिकाको कार्यालय मार्तडी, बाजुरा सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

योजना शाखा प्रमुख

(ग) राजश्व शाखाले भर्ने:

| रसिद नं र मिति | जम्मा गरिएको रकम रु | रकम बुझ्नेको दस्तखत |
|---|---|---|
| | | |

..........................................

स्वीकृत गर्ने

नगर प्रमुख

CamScanner

अनुसूची ३

लोडर मर्मत सम्बन्ध निवेदन

(दफा ५ ग संग सम्बन्धित)

बडीमालिका नगरपालिका नगर कार्यपालिकाको कार्यालय मार्तडी, बाजुरा सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

मिति:

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
बडीमालिका नगरपालिका नगरकार्यपालिकाको कार्यालय बाजुरा।

**बिषय: ब्याक-हो लोडर मर्मत सम्वन्धमा।**

**महोदय,**

यस बडीमालिका नगरकार्यपालिकाको कार्यालयको ब्याक-हो लोडरको तपसिलको पार्टसमा खराबी आई संचालन गर्न बाधा परेकोले चेकजाँच गराई मर्मतको व्यवस्था मिलाईदिन हुन यो निवेदन पेश गर्दछु। श्रीमानको जो आदेश।

**तपसिल:**

| समस्या आएको मेशिनको पार्टसको विवरण | परिमाण | सामान फेर्नुपर्ने वा मर्मत गर्नुपर्ने | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

..............................................
मेशिन अपरेटरको दस्तखत
नाम:

**ईन्जिनियरको सिफारिस:**
उपरोक्त सामानहरु फेर्नुपर्ने र मर्मत गर्नुपर्ने देखीएकोले सिफारिस गर्दछु।

...........................
प्रमुख प्रशासकीयअधिकृतकाव निर्णय:

आज्ञाले,
बम बहादुर के सी
प्रमुख प्रशासकीय अधिकत

CamScanner

12. लोडर प्रयोग गरेवापत पहिलो पक्षलाई दोस्रो पक्षले कार्यविधिले तोकेबमोजिमको भाडा उपलब्ध गराउनुपर्ने छ। साथै अपरेटर र सहायकको भत्ता समेत उपलब्ध गराउनु पर्नेछ।

पहिलो पक्ष

नामथरः

दर्जाः

मितिः

हस्ताक्षरः

कार्यालयको छापः

दोस्रो पक्षको तर्फबाट

नामथरः

दर्जाः

मितिः

हस्ताक्षरः

संस्थाको छापः

साक्षिः

CamScanner